जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८६ पृष्ठः ४ | २०८२ फाल्गुन २६ मंगलबार (Tuesday 10 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


# सिरहामा खाना पकाउने ग्यासको कालोबजारी बढ्यो

खुद्रा मूल्य प्रतिसिलिन्डर एक हजार ९१० रहेको खाना पकाउने ग्यास चार हजार पाँच समयमा विक्री वितरण भइरहेको आरोप छ।



सुरेश राय

सिरहा, २५ फाल्गुन। मधेश प्रदेशका जिल्लाहरूमा खाना पकाउने ग्यासको अभाव बढेको छ। अभावलाई देखाउँदै विक्रेताहरूले सिरहामा कालोबजारी गर्न थालेका छन्। 'अभावको मौका छोपेर लहानका ग्यास बेच्ने पसलेहरूले कालोबजारी गर्न थाले,' लहानस्थित महराजा रेस्टुरेन्ट एन्ड होटेलका सञ्चालक पिन्टु राउतले भने, 'दुई थान ग्यास लिन जाँदा प्रतिसिलिन्डर ४ हजार ५०० रुपैयाँ मागियो।'

एकाएक त्यति चर्को मूल्य सुनेपछि आफू चकित भएर फर्किएको उनले बताए। 'दुई सिलिन्डरको तीन हजार ८२० पर्नुपर्ने हो। ९ हजार भनेपछि कसरी पैसा तिर्नु ! रित्तै हात फर्किएँ,' उनले भने। गोलबजार नगरपालिका-८ मा चिया-नास्ताको पसल चलाउँदै आएका व्रह्मदेव यादलले निर्धारित मूल्यमा सिलिन्डर नपाउँदा व्यवसाय चलाउनै समस्या भइरहेको बताए। उनले भने, 'सिलिन्डर किन्दा ४ हजार ५०० तिर्नुपर्छ। त्यति महँगोमा किनेर कसरी खर्च धान्नु। अब त खाना पनि खान नसकिने अवस्था आउने चिन्ता बढ्यो।' सिरहामा खाना पकाउने ग्यास प्रतिसिलिन्डर एक हजार ९१० रुपैयाँमा खुद्रमा मूल्य छ। तर त्यसको दोब्बरभन्दा बढी मूल्यमा कालोबजारी भइरहेको उनले बताए। जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले कालोबजारी गर्नु कानुनविपरीत काम रहेको बताए। 'कालोबजारी गरे कानुनबमोजिम सजाय हुन्छ। हामी वाणिज्य कार्यालयसँग समन्वय गरेर अनुगमन गर्छौं,' उनले भने, 'कालोबजारी पाइएको खण्डमा कारबाही हुन्छ।'

# धनुषा-१ : विवादका बीच नेकपाका यादवले पाए निर्वाचित भएको प्रमाणपत्र



धनुषा, २५ फाल्गुन। धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा निर्वाचन अधिकृतको कार्यालयले नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मातृकाप्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ। जनकपुरधाम, २५ फाल्गुन। निर्वाचन अधिकृतको कार्यालयले धनुषा-१ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मातृका यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी शाह कमलको उम्मेदवारी खारेजीले मतगणनाको अन्तिम परिणाम घोषणा विवादमा रहेको बेला मुख्य निर्वाचन अधिकृतको कार्यालयले यादवलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गरेको हो।

अन्तिम मतगणना परिणामअनुसार यादवको १० हजार ४०३ मत आएको थियो। कांग्रेसका रामपल्टन साहको ९ हजार ५०२ र एमालेका रामचन्द्र मण्डलको ९ हजार ३१५ मत गणना भएको थियो। यी उम्मेदवारहरूभन्दा १३ हजारभन्दा बढी मत रास्वपाको चुनाव चिह्नमा आएको थियो। तर रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेजी भएको कारणले उनको परिणाम सार्वजनिक गरिएको छैन। गत फागुन १८ गते रास्वपाका उम्मेदवार शाहको उम्मेदवारी निर्वाचन आयोगले खारेजी गरेको

**-बाँकी तीन पेजमा**

# चार महिनाअघि खुलेको श्रम संस्कृतिले जित्यो ३ सिट

काठमाडौं, २५ फाल्गुन। गएको कात्तिकमा दर्ता भएको श्रम संस्कृति पार्टीले प्रत्यक्ष तर्फ तीन स्थानमा जित हासिल गरेको छ। श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङ सुनसरी-१, महासचिव आरेन राई खोटाङ र ुवराज राई भोजपुरबाट निर्वाचित भएका हुन्। धरान उपमहानगरपालिकाका मेयर साम्पाङले गत असोजमा पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए। आयोगले



कात्तिक १६ गते दल दर्ताको प्रमाणपत्र दिएको थियो। समानुपातिक तर्फ ४३ लाख मत गणना हुँदा श्रम संस्कृति पार्टीले ९७ हजार ८९२ मत प्राप्त गरेको छ। समानुपातिक तर्फ निर्वाचित हुन कुल सदर मतको तीन प्रतिशत प्राप्त गर्नुपर्दछ।





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## प्रतिवेदन सार्वजनिक र पारदर्शी अभियोजन गर

गत भदौ २३ र २४ गते 'जेन–जी' का नाममा भएको आन्दोलनमा भएको राज्यको दमन र त्यसपछि भएको विध्वंसको जाँचबुझ गरी कारबाही सिफारिस गर्ने कार्यादेश पनि प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारलाई दिइएको थियो। तीन महिनाभित्र कार्य सम्पन्न गर्ने म्याद पाएको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन भने करिब ५ महिनापछि बुझाएको छ। जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा 'गल्ती किटान गरी कारबाहीको सिफारिस गरिएको' बताएको छ। सार्वजनिक जानकारीअनुसार आयोगको प्रतिवेदनमा सुरक्षा कमजोरीहरू औँल्याइएको र आन्दोलनका क्रममा राज्य संयन्त्र र आन्दोलनकारी दुवै पक्षबाट भएका गल्तीहरू केलाइएको छ। आयोगका अध्यक्षले प्रधानमन्त्रीलाई प्रतिवेदन सार्वजनिक गर्न र कार्यान्वयन गर्न पनि सिफारिस गरेका छन्।

आयोगको २३ गतेको घटनाका दोषीलाई पक्कै कारबाहीको सिफारिस गरेकै होला। भदौ २३ का घटनाको सम्बन्धमा त आयोगका अध्यक्षको धारणासमेत पहिले नै सार्वजनिक भएकै हो। यसै सन्दर्भमा सर्वोच्च अदालतले दिएको "सार्वजनिक महत्वका विषयमा जाँचबुझ आयोगका पदाधिकारीको नियुक्ति गर्दा तटस्थता र निष्पक्षतामा प्रश्न नउठ्ने गरी र आयोगका कामप्रति सार्वजनिक विश्वास कायम हुनेगरी" गर्न निर्देशात्मक आदेश पनि स्मरणीय छ। देशभर एकैपटक तर उही प्रकृतिको आगजनीलगायतको प्रथम दृष्टिमै नियोजित देखिने २४ गतेको विध्वंसका सम्बन्धमा कस्तो छानबिन भयो र ककसलाई दोषी ठहर गरी आयोगले कारबाहीको सिफारिस गऱ्यो भन्ने कौतुहल जनमानसमा रहेको छ। जनमानसमा रहेको कौतुहल साम्य बनाउन र आयोग तटस्थ र निष्पक्ष थियो भन्ने पुष्टि गर्न पनि प्रतिवेदन सकेसम्म विस्तृतरूपमा सार्वजनिक गरिनुपर्छ। अन्यथा आयोगका कामप्रति सार्वजनिक विश्वास कायम नरहन सक्छ।

हुनत, प्रधानमन्त्री कार्कीले प्रतिवेदनको निचोड सरकारले सार्वजनिक गर्ने बताएकी छन्। सुरक्षा संवेदनशीलताका कारण सबै विवरण तत्काल सार्वजनिक गर्न नसकिने उनको तर्क केही हदसम्म स्वीकार्य पनि हो। तर निचोडका नाममा वास्तविकता लुकाइयो वा सिफारिसहरू छानेरमात्र कार्यान्वयन गरियो भने त्यसबाट दण्डहीनताले नै प्रश्रय पाउनेछ। प्रतिवेदन कार्यान्वयन नगरी अभिलेखका रूपमा थन्क्याइयो भने स्वयं आयोगका अध्यक्ष र सदस्यहरूप्रति अन्याय हुनेछ। त्यतिमात्र होइन दमन र विध्वंसको दुश्चक्रको पनि अन्त्य हुनेछैन। अर्कोतिर, नयाँ सरकारले प्रतिवेदनलाई राजनीतिक हतियार बनाउन सक्ने सन्देह पनि उत्तिकै बलियो छ। कम्तीमा राष्ट्रिय सुरक्षासँग सम्बन्धित संवेदनशील अंशबाहेक अरू विवरण यही सरकारले सार्वजनिक गर्नुपर्छ।

आन्दोलनले उत्पन्न गरेको अन्योलबीच पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभाको निर्वाचन र भदौ २३ तथा २४ का घटनाको निष्पक्ष छानबिन र कारबाही गराउने कार्यादेशसहित प्रधानमन्त्री नियुक्त गरेका थिए। निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ र प्रधानमन्त्री कार्की तथा उनका सहयोगीहरूलाई जनताले सराहनासहित धन्यवाद दिएका छन्। अब प्रधानमन्त्री कार्कीले छानबिन र कारबाहीको अर्को कार्यादेश पनि पूरा गर्नु उचित हुनेछ। न्यायका लागि जीवन समर्पण गरेको कानुनविद् कार्की दण्डहीनतालाई प्रश्रय दिएको कलंक बोकेर सरकारबाट बिदा लिनु उचित हुँदैन। आशा गरौं, प्रधानमन्त्री कार्की विवाद नबोकी बिदा हुनेछिन् !

# सक्कल फाइल झिकाउन सर्वोच्चको आदेश

काठमाडौँ, २५ फाल्गुन। सर्वोच्च अदालतले धनुषा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजसम्बन्धी निर्णयको फाइलसहित यही फागुन २९ गते उपस्थित हुन निर्वाचन आयोगको नाममा आदेश गरेको छ। न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेज भएको धनुषा १ मा मत परिणामसमेत सार्वजनिक नगर्न भनेको छ।

आदेशमा मतगणना सम्पन्न भए पनि मतपरिणाम घोषणा नगर्न भनेको छ। आधार कारणसहित आदेश प्राप्त भएको मितिले सात दिनभित्र

–बाँकी तीन पेजमा

# मधेशमा बजेन हर्न, खुलेन छाता

## नेताले बिर्सेका गजेन्द्रनारायण सिंह, मतदाताले बिर्सेका मधेशवादी पार्टी

कुनै बेला संसद्मा ८३ जनाको उपस्थिति रहेको मधेशवादी दल ३४ वर्षपछि प्रतिनिधिसभामा शून्यमा झरेको छ।

**सन्त गाहा मगर**

काठमाडौँ, २५ फाल्गुन। मधेश प्रदेशका ३२ मध्ये कुनै पनि क्षेत्रमा मधेशवादी दलका उम्मेदवार विजयी हुन सकेनन्। यसपटक जनता समाजवादी पार्टी (जसपा) नेपालले ९४, जनमत पार्टीले ६१ र राष्ट्रिय मुक्ति पार्टीले ३३ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको थियो। प्रत्यक्षमा एउटै सिट जित जित्न नसकेको मधेशवादी दलहरूले समानुपातिकमा पनि 'थ्रेसहोल्ड' कटाउन सकेनन्। जसले गर्दा अबको प्रतिनिधि सभा मधेशवादी दल विहीन हुने पक्का भएको छ।

पछिल्लो ३४ वर्षमा पहिलो पटक मधेशवादी दलको प्रतिनिधित्व शून्यमा झरेको हो।



२०४८ सालमा नेपाल सद्भावना पार्टी (नेसपा)ले ६ सिट जितेर राष्ट्रिय दल बनेको थियो। यो नै मधेशवादी दलको औपचारिक संसद प्रवेश थियो। त्यस यताका हरेक निर्वाचनमा मधेशवादी दलहरूले प्रतिनिधित्व टुटेको थिएन। २०५ सदस्यीय प्रतिनिधि सभामा मधेशवादी दलले २०५१ मा ३ र २०५६ मा ५ स्थानमा जितेको थियो। २०६४ मा नेकपा (माओवादी)को पक्षमा जनलहर आएको बेला पनि ६०१ मध्ये ८३ सिट मधेशवादी दलले जितेको थियो। त्यतिबेला मधेशी जनअधिकार फोरम (मजफो) ले ५२, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले २२ र सद्भावना पार्टीले ६ सिट जितेको थियो।

२०७० मा प्रत्यक्षमै तमलोपाका ४, विजय गच्छदार नेतृत्वको मजफो (लोकतान्त्रिक)का ४, मजफो नेपालका २, सद्भावना पार्टीका १ र तराई मधेश सद्भावना पार्टी (तमसपा)का १ सांसद् थिए। ०७४ मा राष्ट्रिय जनता पार्टी (राजपा)ले १७ र मजफोले१६ सिट जितेको थियो। त्यस्तै, २०७९ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले ४ र जनता समाजवादी पार्टी (जसपा) ७ सिट जितेको थियो।नेपाल सद्भावना पार्टी (नेसपा)का संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहले २०४८ मा सप्तरी–२ बाट जितेर मधेशवादी दललाई संसद्मा पुऱ्याएका थिए।

सिंह मात्र होइन यो क्षेत्रले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतलाई जिताएर पठाईसकेको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र २०७९ को निर्वाचनमा पराजित भएको क्षेत्र सप्तरी–२ छाडेर यसपटक सप्तरी–३ बाट उठे। निर्वाचन क्षेत्र परिवर्तन गरेर उम्मेदवारी दिए पनि उनको पराजय यात्रा मात्र रोकिएन, प्राप्त मत पनि घट्यो। क्षेत्र परिवर्तन गर्दा दोस्रो स्थानमा आएका यादवले १५ हजार २३२ मत पाए। त्यतिबेला सप्तरी–२ बाट उठ्दा उनले १६ हजार ९७२ पाएका थिए।

सम्भवतः यादव २०७९ मा दोब्बर मतले आफूलाई पराजित गरेका जनमत पार्टीका अध्यक्ष राउतसँग पुनः प्रतिस्पर्धा गर्न चाहँदैनथे। भलै, सप्तरी–२ बाटै उठेका राउतले पनि जित दोहोऱ्याउन सकेनन्। दश हजार मत कटाउन नसकेका राउत यसपटक तेस्रो स्थानमा खुम्चिए। अघिल्लो निर्वाचनमा उनले ३५ हजार भन्दाबढी मत पाएका थिए। सप्तरी–२ ले २०७४ सालमा भने यादवलाई २१ हजार भन्दा बढी मत दिएर जिताएको थियो। २०४८ र २०५१ सालमा सप्तरी–२ बाट निर्वाचित भएपछि गजेन्द्रनारायण सिंहले मधेशी समुदायका समस्यालाई केन्द्रमा राखेर काम गरे। राणा विरोधी आन्दोलनबाट राजनीतिक यात्रा शुरु गरेका गजेन्द्रनारायणले लामो समय कांग्रेस राजनीति गरे।

२०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्य भएका उनले २०४७ सालमा नेपाल सद्भावना पार्टी स्थापना गरे। त्यसपछि मधेशी समुदायको न्यायोचित प्रतिनिधित्व, नागरिकता, समावेशीता, संघीयता जस्ता मुद्दालाई प्रखर रुपमा उठाए। २०५८ मा निधन भएका गजेन्द्रनारायण आजपर्यन्त मधेश राजनीतिका मसिहाका रुपमा परिचित छन्। गजेन्द्रनारायणले स्थापना गरेको नेसपा अहिले छिन्नभिन्न भइसकेको छ। मधेशवादी दलका नेताहरूप्रति मतदाताको यतिविधि विकर्षण किन भयो त ?

यसको चर्चा नेसपाबाटै गरौं। निर्वाचन आयोगमा सिंहले स्थापना गरेकै जस्तो सुनिने एउटा पार्टी दर्ता छ, नेपाल सद्भावना पार्टी। चुनाव चिह्न पनि गजेन्द्रनारायणकै पालाको छ, पञ्जाछाप। यो पार्टीका अध्यक्ष अनिलकुमार झा पनि गजेन्द्रनारायणकै चेला हुन्। अनिल आफूलाई गजेन्द्रनारायणकै अनुयायी भन्न पछि पर्दैनन्। २१ फागुनको निर्वाचनमा अनिलले नेपाली कांग्रेसबाट उम्मेदवारी दिएर लज्जास्पद हार व्योहोरे। टिकट पाउने शर्तमा उम्मेदवारी दर्ताकै दिनमा उनी कांग्रेसमा लागेका थिए।

शक्तिमा पुग्नकै लागि पार्टी र चुनाव चिह्न छाडेका अनिल दोस्रो स्थानमा पनि आउन सकेनन्। निर्वाचित उम्मेदवारले २९ हजार पाउँदा उनको गाछीमा ८ हजार मत पऱ्यो। 'अनिल झाहरूले यसरी एक थान सांसद् बन्नकै लागि पार्टी, चुनाव चिह्न र मधेशी जनताको मुद्दालाई तिलाञ्जली दिइरहने अनि जनताले मधेशवादी भन्दै जिताइरहनु पर्ने ?,' मधेश राजनीति बुझ्केका एक विश्लेषक भन्छन्, 'मधेशी दलको सिट नआएकोमा होइन आएको भए चाहिँ अचम्म हुन्थ्यो।'

हुन पनि मतदाता कतिसम्म अनुग्रहित छन् भन्ने त अनिल झाले छोडिसकेको पञ्जाछापमा पनि समानुपातिकमा मत खसेको छ। गजेन्द्रनारायणकै अनुयायी भन्न रुचाउने राजेन्द्र महतो र उनको पार्टीलाई गठबन्धनले पनि जोगाउन सकेन। उनले अशोक राई नेतृत्वको जसपा र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीसँग तालमेल गरेर एकल चिह्न चकिया (जाँतो)बाट चुनाव लडेका थिए। तर चकिया न समानुपातिकमा चल्यो न प्रत्यक्षमा। सर्लाही–२ बाट उठेका महतो ५ हजार ९९२ मत ल्याएर चौथो स्थानमा खुम्चिए। महतो २०५६ सालामा गजेन्द्रनारायणको नेसपाबाट सांसद बनेका थिए।

अब अर्को दृष्टात हेरौं, २०७९ मा सप्तरी–२ मा पराजित भएपछि जसपा नेपालका अध्यक्ष उपेन्द्रले उपनिर्वाचनबाट भए पनि सांसद बनेर छाड्ने उपाय खोजे। त्यसका लागि उनले आफूले सजिलै चुनाव जित्न सक्ने बारा–२ लाई खाली गर्न चाहे। त्यहाँबाट निर्वाचित रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएर पठाए। आपत्ति रामसहायप्रसाद उपराष्ट्रपति बनेकोमा होइन। प्रश्न उपेन्द्रको निर्णय र नियतको हो। नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)सँग गठबन्धन गरेका उनले महिलालाई मुलुकको उपराष्ट्रपति बन्ने अवसर दिएनन्। जुन संविधानको मर्म र भावना विपरीत हो।

त्यतिमात्र होइन, जनताले मतपत्रमा लगाएको स्वस्तिक छापको मसी नसुकदै सांसद् बन्न जस्तोसुकै हर्कत गर्नु कुनै पनि दृष्टिले नैतिक राजनीति थिएन। मधेशवादी दलहरूले निर्वाचनका लागि व्यापक तयारी नगरेका होइनन्। उनले यसपटक महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) र वृषेशचन्द्र लाल अध्यक्ष रहेको तमलोपालाई पार्टी एकीकरण गरेका थिए।

अघिल्लो पटक एक्ला–एक्लै लड्दा पनि जसपा नेपाल र लोसपाका उम्मेदवारहरूले चुनाव जितेका थिए। दुई पार्टीबाट १६ सांसद् निर्वाचित भएका थिए। तात्कालीन लोसपाका अध्यक्ष ठाकुरले ८३ वर्षमा पनि राष्ट्रिय सभा सदस्य नबनी छाडेनन्। गत पुसमा उम्मेदवारी दर्ता गर्न ठाकुरलाई कार्यकर्ताले दायाँबायाँ समातेर जनकपुरस्थित निर्वाचन कार्यालयमा पुऱ्याएको दृश्य साँच्चै हेर्न लायक थियो। ठाकुर कार्यकर्ताको साहराबिना सिधा उभिन समेत नसकेको भिडिओ सार्वजनिक भएको थियो।

ठाकुरलाई आफू मात्र सांसद बनेर धित मरेनछ क्यारे ! छोरी मिनाक्षी ठाकुरलाई महोत्तरी–३ बाट उम्मेदवार बनाए। पाँचौं स्थानमा आएकी उनले जमानत जोगाउन सकिनन्। यो क्षेत्रबाट निर्वाचित उम्मेदवारले ३२ हजार पाउँदा मिनाक्षीले चार हजार कटाउन सकिनन्। २०७० सालमा हारेर पनि सांसद् बनेका थिए, ठाकुर। त्यतिबेला सर्लाही–६ बाट उठ्दा उनी तेस्रोस्थानमा आए। त्यसलगत्तै मन्त्रिपरिषद्बाट मनोनित भएर संविधानसभामा प्रवेश गरे। ६०१ सदस्यीय संविधानसभामा २६ जना मन्त्रिपरिषद्बाट मनोनयन गर्ने प्रावधान थियो।

आफ्नै सम्धिनीलाई सांसद् बनाएकोमा पनि ठाकुरको

–बाँकी तीन पेजमा

# अस्पतालका डाक्टर सा'ब अब माननीय

**नेपालको संघीय संसद्रुमा डा. लेखजंग थापा, डा. तोसिमा कार्की, जनस्वास्थ्यविज्ञ आनन्दबहादुर चन्द, दृष्टिरोग विशेषज्ञ दीपककुमार साह, डा. शम्भुकुमार यादव र स्वास्थ्य स्वयंसेविका आशा झा सांसदका रूपमा प्रवेश गरेका छन्। रोचक कुरा, उनीहरू सबै रास्वपाबाट जित हासिल गरेका हुन्।**

पुष्पराज चौलागाईं

काठमाडौं, २५ फाल्गुन। नेपालमा डाक्टर भन्नासाथ बिरामीको उपचार गर्ने, अस्पतालको आपतकालीन कक्षमा दिनरात खटिने व्यक्तिको छवि आउँछ। तर पछिल्ला वर्षहरूमा केही डाक्टर र स्वास्थ्यकर्मीले देशको नीति निर्माण गर्ने जिम्मेवारी पनि सम्हाल्ने भएका छन्। सेतो कोट फुकालेर उनीहरू प्रतिनिधिसभा सदस्यका रूपमा संघीय संसद्रुमा पुगेका छन्। यसले स्वास्थ्य क्षेत्रका आवाज संसद्रुभित्रै पुग्ने अपेक्षा बढाएको छ।

नेपालको संघीय संसद्को प्रतिनिधिसभामा डा. लेखजंग थापा, डा. तोसिमा कार्की, जनस्वास्थ्यविज्ञ आनन्दबहादुर चन्द, दृष्टिरोग विशेषज्ञ दीपककुमार साह, डा. शम्भुकुमार यादव र स्वास्थ्य स्वयंसेविका आशा झा सांसदका रूपमा प्रवेश गरेका छन्। रोचक कुरा, उनीहरू सबै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट जित हासिल गरेका हुन्। चिकित्सा पेशाबाट आएका यी व्यक्तिहरूले स्वास्थ्य प्रणालीको वास्तविक अवस्था नजिकबाट बुझेका छन्।

अस्पतालको बेड अभाव, औषधि आपूर्ति समस्या, ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको कमी, र बिरामीले भोग्नुपरेका आर्थिक भार लगायतका समस्यासँग उनीहरू प्रत्यक्ष रूपमा परिचित छन्। जसमध्ये एक हुन् वरिष्ठ न्युरोलोजिष्ट डा. लेखजंग थापा। थापाले रुपन्देही क्षेत्र नम्बर–३ बाट भारी मत सहित विजय भए। उनले ५८ हजार ८१४ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सुशील गुरुङले ८ हजार ४ सय ३५ मत ल्याए। तेस्रो स्थानमा रहेका नेकपा एमालेका बासुदेव घिमिरेले ८ हजार २ सय ७५ मत ल्याए। ३३ जना प्रतिस्पर्धामा उत्रिएका रुपन्देही–३ मा ९४ हजार २३२ मत खसेको थियो।

रूपन्देहीको अञ्चलपुरमा २०३४ सालमा जन्मिएका डा. लेखजंग थापाले एमडी (आन्तरिक चिकित्सा) र डीएम (न्युरोलोजी) अध्ययन पूरा गरेका छन्। राष्ट्रिय न्युरो केन्द्र काठमाडौंमा न्युरोलोजी विभागका निर्देशक तथा प्रमुखको रूपमा कार्यरत थापा मनमोहन मेमोरियल मेडिकल कलेजका वरिष्ठ न्युरोलोजिस्ट, नेपाल स्ट्रोक संघका संस्थापक तथा अध्यक्ष र विश्वस्तरीय न्युरोलोजी तथा स्ट्रोक नेटवर्कहरूसँग आबद्ध छन्।

क्लिनिकल सेवासँगै अनुसन्धान, नेतृत्व र जनस्वास्थ्य उनको मुख्य चासोका क्षेत्र हुन्। उनले नेपालमा पहिलो पटक थ्रोम्बोलाइसिस थेरापी प्रयोग, दुर्लभ न्युरोलोजिकल रोगहरूको पहिचान र नेपाल स्ट्रोक परियोजना मार्फत अन्तर्राष्ट्रिय सहकार्यमा अनुसन्धानको नेतृत्व गरेका छन्। डा. थापा २०७९ को चुनावमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) मा जोडिएर रूपन्देही–३ बाट नै प्रदेश सभा सदस्यमा समानुपातिक उम्मेदवार बनेका थिए। तर सांसद भने बन्न सकेनन्।

गत कात्तिकमा उपनिर्वाचन हुने भएपछि थापालाई भेरहवाका रास्वपा नेता कार्यकर्ताले पार्टीमा ल्याएका थिए। उनी प्रारम्भिक निर्वाचनमा ९ जनालाई पछि पार्दै उम्मेदवारका लागि छानिए। तर भदौमा जेनजी आन्दोलन भएपछि उपनिर्वाचन भएन। रास्वपाले २१ फागुनको चुनाव घोषणा लगत्तै उक्त क्षेत्रमा थापालाई नै उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेको थियो। डाक्टरहरूले राजनीतिमा प्रवेश गर्नुको एउटा प्रमुख कारण स्वास्थ्य क्षेत्रलाई नजिकबाट बुझेको अनुभवले हो।

उनीहरूले स्वास्थ्य नीति र सेवा प्रणाली सुधार गर्न संसद्रुमा आफ्नो भूमिका आवश्यक ठानेका छन्। उपचार मात्र पर्याप्त छैन, उपचार सम्भव हुने प्रणाली निर्माण गर्ने सोचले कारण नीति बनाउने ठाँउमा गएको डा. तोसिमा कार्की बताउँछिन्। राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वास्थ्य राज्यमन्त्री बनिसकेकी डा. कार्की पुन सांसद बनेकी छिन्। डा. कार्कीले ललितपुर–३ बाट पुनः संसदीय यात्रा तय गरेकी छिन्। उनले ४३ हजार ९६ मत सहित फराकिलो मतले जित हासिल गरिन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जितेन्द्रकुमार श्रेष्ठले ९ हजार ४५ मत ल्याए।

ललितपुरकै नक्खुमा हुर्के–बढेकी कार्कीले किष्ट मेडिकल कलेजबाट एमबीबीएस र काठमाडौं विश्वविद्यालयबाट एमएस (शल्य–चिकित्सामा स्नातकोत्तर) गरेकी छिन्। उनले नेपाल मेडिकल काउन्सिलमा कार्यकारी सदस्यको जिम्मेवारी पूरा गरिसकेकी थिइन्। राजनीतिमा आउनु अघि उनी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा







अध्यापन गर्थिन्। सार्वजनिक जीवनमा उनी सत्याग्रही डा. गोविन्द केसीको प्रतिबद्ध समर्थक र सहयोगी पनि हुन्। त्यसक्रममा उनले कानुनी लडाइँ समेत लडिन्। उनकै अगुवाइमा दायर मुद्दामा सर्वोच्च अदालतले चिकित्सा शिक्षा सुधारका विषयमा केही निर्देशनात्मक आदेश पनि दिएको छ।

त्यस्तै जनस्वास्थ्यविज्ञ आनन्दबहादुर चन्दले पहिलोपटक संसदीय राजनीतिको बाटो तय गरेका छन्। कैलाली–५ बाट चुनावी मैदानमा होमिएका चन्दले नेपाली कांग्रेस सुदूरपश्चिमका महामन्त्री नरनारायण शाहलाई २० हजार मतले पराजित गर्दै विजयी भएका छन्। चन्दले ३१ हजार ९५३ मतका साथ प्रतिनिधिसभा सदस्य निर्वाचित हुँदा निकटतम प्रतिद्वन्द्वी शाहले ११ हजार ९५८ मत ल्याए। १४ जेठ २०३२ मा जन्मिएका चन्दले त्रिभुवन विश्वविद्यालय पाटन बहुमुखी क्याम्पसमा १७ वर्ष उपप्राध्यापकका रूपमा काम गरे।

जैविक रसायनशास्त्रमा स्नातकोत्तर र अमेरिकाको नर्थ क्यारोलिना ए एन्ड टी स्टेट युनिभर्सिटीसँग सहकार्यमा पीएचडी पूरा गरेका उनी शिक्षा, स्वास्थ्य र अनुसन्धानका क्षेत्रमा प्रख्यात छन्। चन्द नेपालको सुर्तीजन्य पदार्थ नियन्त्रण र नसर्ने रोगविरुद्धको अभियानका अग्रणी अभियन्ता हुन्। जनस्वास्थ्यमा असर गर्ने सुर्ती तथा चुरोट खपत कम गराउने दिशामा उनले लामो समयदेखि अभियान सञ्चालन गर्दै आएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डा. शम्भु यादव सांसद बनेका छन्। सिराहाबाट–३ बाट ३२ हजार २४९ मत ल्याएर यादव विजय भए। ४० वर्षीय डा. शम्भु यादव स्थानीय स्तरमा स्वास्थ्य सेवा र समाजिक उत्तरदायित्व दुवै क्षेत्रमा परिचित छन्। बाल्यकालदेखि नै पढाइप्रति रुचि राख्ने उनले विद्यालय तहको शिक्षा सिरहा नगरपालिका–१६ मा रहेको लालजी–शकुन्तला माध्यमिक विद्यालयबाट पूरा गरेका थिए। उनले २०५७ सालमा उक्त विद्यालयबाट एसएलसी (तत्कालीन प्रवेशिका) उत्तीर्ण गरे।

विद्यालय शिक्षा पूरा गरेपछि चिकित्सा क्षेत्रमा भविष्य बनाउने लक्ष्यसहित उनी उच्च अध्ययनका लागि भारत गए। भारतको जयनगर हुँदै पटना पुगेका उनले २०६७ सालमा एमबीबीएस उत्तीर्ण गरे। चिकित्सा शिक्षाको कठिन यात्रापछि उनी नेपाल फर्किएर स्वास्थ्य सेवामा सक्रिय भए। नेपाल फर्किएपछि केही समय काठमाडौंका निजी अस्पतालमा काम गरे। त्यसपछि उनी सिरहा फर्किए। सिरहाका धेरै बिरामी उपचारका लागि ढाढा–ढाढासम्म धाउनुपर्ने अवस्थालाई नजिकबाट देखेका डा. यादवले अन्ततः आफ्नै जिल्ला फर्किने निर्णय गरे।

त्यसपछि यादव सिरहाको मिर्चैया नगरपालिका–७ मा रहेको मिर्चैया हेल्थ पोलिक्लिनिकमा मार्फत सेवा दिँदै आएका थिए। दृष्टिरोग विशेषज्ञ दीपककुमार साह रास्वपाबाट सांसद बनेका छन्। शाहले महोत्तरी–२ बाट १९ पटक मन्त्री बनेका जनता समाजवादी पार्टी, नेपालका शरतसिंह भण्डारीसहितलाई पराजित गरे। साह ३२ हजार ७२२ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी भण्डारीले १० हजार १९८ मत ल्याए।

२०४७ साल चैत १० गते महोत्तरीमा जन्मिएका ३३ वर्षीय साहको महोत्तरी गाउँपालिका नै स्थायी ठेगाना हो। उनले जनस्वास्थ्य विषयमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका छन्। उनले विश्वकै प्रतिष्ठित शिक्षण संस्था लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन र इन्स्टिच्युट अफ मेडिसिनबाट शिक्षा हासिल गरेका छन्। यसभन्दा अगाडि उनी त्रिवि शिक्षण अस्पतालमा कार्यरत थिए। १६ वर्षसम्म स्वास्थ्य स्वयंसेविकाका रूपमा गाउँ–टोलका बिरामी, गर्भवती आमा र आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित समुदायसँगै काम गरेकी आशा झाले अब संसद्को यात्रा तय गरेकी छन्।

मोरङ–५ मा रास्वपाबाट उम्मेदवारी दिएका झाले ३१ हजार ४३४ मत प्राप्त गर्दै विजय हासिल गरिन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका फुलकुमार लालवानीले ९ हजार ४१५ मत पाए। झन्डै २१ हजारको फराकिलो मतान्तरले जित निकाल्दा क्षेत्रका अन्य चर्चित उम्मेदवारहरूको प्रभाव मतपरिणाममा खासै देखिएन। विराटनगर–१३ की स्थायी बासिन्दा झा मध्यमवर्गीय कृषक तथा कर्मचारी परिवारमा हुर्किएकी हुन्। जनस्वास्थ्यमा स्नातक गरेकी उनले विराटनगर महानगरपालिकामा १६ वर्षभन्दा बढी समय स्वास्थ्य स्वयंसेविकाका रूपमा काम गरिन्। घर–घर पुगेर स्वास्थ्य सचेतना फैलाउने र स्वास्थ्य सेवा नपुगेका समुदायलाई सहारा दिने उनी संसद भवन पवेश गर्ने भएकी छिन्।

# आँपको बगैँचा नै खरिदबिक्री

राजविराज, २५ फाल्गुन। तराईका विभिन्न जिल्लामा व्यापारीले आँपको बगैँचा नै खरिदबिक्री गर्न थालेका छन्। आँप उत्पादनका लागि प्रसिद्ध सप्तरीमा यतिबेला व्यापारीले बगैँचामै पुगेर मञ्जरको अवस्था हेरेर मोलतोल गर्न थालेका हुन्। व्यापारीले धेरै रुख भएको बगैँचा नै खरिद गरेका हुन्। राजविराज नगरपालिका–९ का व्यापारी मो. हनिफकले घरनजिकको आँप बगैँचामा रहेका २०/२५ वटा आँपका रूखको मञ्जर करिब ९० हजार रुपियाँमा खरिद गरेको बताउनुभयो। उहाँका अनुसार आँपमा टिकुला लागेपछि मूल्य बढ्ने भएकाले अहिले मञ्जरकै अवस्थामा खरिद गर्दा सस्तो पर्ने हुन्छ। मञ्जर खरिद गरेपछि फलको स्याहार, औषधी छर्ने तथा संरक्षण गर्ने जिम्मेवारी व्यापारीकै हुने गर्छ।

बगैँचाधनीले समयमै उचित हेरचाह गर्न नसक्दा मञ्जर झर्ने वा किराले नोक्सान पुर्‍याउने जोखिम हुने भएकाले अग्रिम बिक्री गर्न बाध्य भएको बताउँछन्। ठूलो बगैँचाको रेखदेख गर्न जनशक्ति अभाव हुने भएकाले पनि मञ्जर बेच्ने गरेको शम्भुनाथ नगरपालिकाका कृषक भोला चौधरीले बताउनुभयो। "व्यापारीले मञ्जर खरिद गरेपछि फल पाक्ने समयसम्म बगैँचाको स्याहार गर्छन्," उहाँले भन्नुभयो। फल सुरक्षित राख्न र राम्रो उत्पादन लिन व्यापारीले गर्ने मेहनत आफूहरूले गर्न नसक्ने भएकाले बगैँचा नै बिक्री गरेको उहाँले बताउनुभयो।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतका अनुसार जिल्लामा आँपका बोटमध्ये करिब ७५ प्रतिशत मालदह, १० प्रतिशत बम्बई, कलकतिया, दसहरी, मलिकासहित अन्य १५ प्रतिशत जातका रहेका छन्। जिल्लाको उत्तरी भावर क्षेत्र अन्तर्गत धरमपुर, रूपनगर, घोघनपुर, जगतपुर, कञ्चनपुर, तेरहौता, प्रसबनी, बकधुवा, कुसहा, कल्याणपुर, कडरबोना र कठौनालगायत क्षेत्रमा आँप खेती भइरहेको उहाँले बताउनुभयो।

सप्तरीमा उत्पादित आँप काठमाडौं, विराटनगर, हेटौँडा, वीरगन्ज, पोखरालगायत देशका विभिन्न सहरमा बिक्री हुने गर्छ। राजधानीमा खपत हुने आँपमध्ये ४० देखि ५० प्रतिशतसम्म सप्तरीमै उत्पादन हुन्छ। यहाँ उत्पादन हुने मालदह र दसहरी जातका आँप भारतको कोलकाता र सिलिगुढीसम्म निर्यात हुने गरेका छन् भने कतार, साउदी अरबलगायत खाडी मुलुकमा पनि पठाइने गरेको छ। जिल्लामा उत्पादन भएको करिब २५ प्रतिशत आँप विदेश निर्यात हुने गरेको अवकाशप्राप्त वरिष्ठ कृषि विकास अधिकृत अनुपलाल साहले जानकारी दिनुभयो।

यस वर्ष आँपका रुखमा प्रशस्त मञ्जर लागेकाले कृषकहरू उत्साहित छन्। गत वर्षको तुलनामा उत्पादनमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। कृषि ज्ञान केन्द्रका प्रमुख राउतका अनुसार मौसम अनुकूल रहे गत वर्षभन्दा दोब्बरसम्म उत्पादन हुन सक्ने अनुमान गरिएको छ। जिल्लामा करिब नौ हजार हेक्टर क्षेत्रफलमा आँपका बोट रहेको उहाँले जानकारी दिनुभयो।

## *मधेशमा बजेन ...*

आलोचना भयो। उनले सम्धी उमाकान्त झालाई महामन्त्री र सम्धिनी इन्दिरा झालाई सांसद बनाएका थिए। आफन्तलाई काखी च्याप्ने ठाकुर एक्ला नेता भने होइनन्।

नातावाद र कृपवादको विरोध गर्छु भनेर राजनीतिमा आएका सीके राउतले सप्तरी–१ मा आफ्नै सहोदर दाजु जयकान्त राउतलाई उठाए। यसअघि जयकान्तलाई सीकेले राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए। गत बैशाखमा केन्द्रीय समितिलाई जानकारी समेत नदिएर जयकान्तलाई रातारात पार्टीको राष्ट्रिय परिषद् अध्यक्ष बनाएको भन्दै पार्टीमा चर्को विरोध भएको थियो।

आफ्नै श्रीमतीलाई सांसद बनाएको भन्दै राजकिशोर यादव, अनिल झा, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अशोक राई, रेशम चौधरीहरूको आलोचना भयो। उपेन्द्र यादवले २०७९ को निर्वाचनमा अमरेन्द्र यादवलाई विराटनगरको उपमेयरमा उठाएका थिए। नेपोबेबी ह्यासट्याग भाइरल हुने जमानामा मधेशमा छाताले किन जोगाएन ? हर्न किन बजेन ? चकिया किन घुमेन ? भन्ने प्रश्न आफैं प्रश्नको घेरामा छैन र ? अनलाइन खबरबाट

## *धनुषा–१ : ...*

थियो। साह त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दिएछन्।

सोही रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले तत्काल निर्वाचन क्षेत्र नम्बर १ को अन्तिम परिणाम सार्वजनिक नगर्न आदेश दिएको थियो। तर उम्मेदवार खारेजीको अवस्थामा त्यसपछि आफ्नो पहिलो मत रहेकाले निर्वाचन परिणाम घोषणा गर्न र आफूलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गर्न नेकपाका उम्मेदवार यादवले दबाब दिएका थिए।

## *सक्कल...*

विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्न भनिएको छ।

# गजेन्द्रनारायण सिंह अस्पतालको ओपिडी भवनमा आगलागी




**धीरेन्द्रप्रसाद साह**

राजविराज, २५ फाल्गुन। राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको ओपिडी भवनमा सोमबार आगलागी भएको छ। नेपाली सेना र प्रहरीको संयुक्त प्रयासमा आगो नियन्त्रणमा ल्याइएको हो। नेपाली सेना श्री बरख गणको दमकल तथा मधेस प्रदेश प्रहरी तालिम केन्द्र, राजविराजबाट आएको दमकलको सहयोगमा नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोलीले आगो नियन्त्रणमा लिएको थियो।

राजविराजस्थित बरख गणका गणपति प्रमुख सेनानी सोवितबहादुर चन्दका अनुसार आगलागीका कारण अस्पतालको ओपिडी कक्ष, कर्मचारी कक्ष, आँखा उपचार शाखालगायत भवनका विभिन्न कक्षमा क्षति पुगेको छ। आगोले महत्त्वपूर्ण कागजात, उपकरण तथा फर्निचर जलेर नष्ट भएको उहाँले जानकारी दिनुभयो।

अस्पतालका कर्मचारीका अनुसार विद्युतीय सर्टका कारण आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ। आगलागीबाट भएको क्षतिको विस्तृत विवरण संकलन गर्ने काम भइरहेको अस्पताल प्रशासनले जनाएको छ। अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलिप साहका अनुसार आगो पूर्ण रूपमा नियन्त्रणमा आइसकेको छ। आगलागीबाट भएको क्षति विवरण संकलन कार्य भइरहेको उहाँले बताउनुभयो।

# झुम्का कारागारबाट फरार कैदी सप्तरीबाट पक्राउ

**विनय कर्ण**

सप्तरी, २५ फाल्गुन। सुनसरीको झुम्का कारागारबाट फरार रहेका एक जना कैदीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा झुम्का कारागारबाट फरार रहेका कैदीलाई सप्तरीको कञ्चनरुप नगरपालिकाबाट प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेमा सप्तरीको कञ्चनरुप नगरपालिका वडा ६ घोघनपुरका ४४ वर्षीय डोरला भन्ने समिउल्लाह मियाँ रहनुभएको छ।

जबरजस्ती करणी मुद्दामा १० वर्ष कैद सजाय पाउनु भएका मियाँलाई विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरी टोलीले कञ्चनपुर नगरपालिका वडा ७ बलुवा टोलमा लुकीछिपी बसेको अवस्थामा आईतबार बेलुका पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो।

पक्राउ परेका मियाँलाई आवश्यक कानुनी प्रक्रिया पुरा गरी सोमबार पुनः झुम्का कारागार, सुनसरी पठाइएको उहाँले बताउनुभयो।

# नेकपाका मातृकाप्रसाद यादवलाई निर्वाचितको प्रमाणपत्र दिन माग गर्दै धर्ना




**विजयकुमार साह**

ढल्केबर, २५ फाल्गुन। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार मातृकाप्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्न माग गर्दै पार्टीका नेता तथा कार्यकर्ताले धर्ना दिएका छन्। सोमबार उहाँहरूले धनुषाधामस्थित मतगणना केन्द्र अगाडि धर्नामा बसेका हुन्। नेकपाका नेता दीपक यादवले धनुषा निर्वाचन क्षेत्र नम्बर १ को मतपरिणामअनुसार नेकपाका उम्मेदवार यादव विजयी भइसकेकाले प्रमाणपत्र दिनुपर्ने मागसहित धर्ना बसिएको बताउनुभयो। ढिलाइका कारण अनावश्यक आशङ्का उत्पन्न भएको भन्दै उहाँले निर्वाचन अधिकृतको कार्यालयलाई शीघ्र निर्वाचित भएको प्रमाणपत्र दिन आग्रह गर्नुभयो।

निर्वाचन अधिकृत मनोज बरालले निर्वाचन आयोगले तत्काल निर्वाचित घोषणा नगर्न निर्देशनसहित पत्र पठाएकाले रोकिएको बताउनुभयो। आयोगबाट थप निर्देशन नआएसम्म निर्वाचित घोषणा गर्न नमिल्ने उहाँले जानकारी दिनुभयो। यसअघि निर्वाचन आयोगले फागुन १८ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गरेको थियो। साहको स्वामित्वमा रहेको कमल निर्माण सेवा कालोसूचीमा रहेको उजुरीका आधारमा आयोगले उम्मेदवारी खारेज गरेको बताइएको छ।

उम्मेदवारी खारेज भए पनि प्रत्यक्षतर्फको मतपत्रमा रास्वपाको चुनाव चिन्ह घण्टीमा मत खसेको छ। सोही चिन्हमा खसेको मत अहिले विवादको विषय बनेको छ। नेकपाका नेताले आयोगले रास्वपाका उम्मेदवारको उम्मेदवारी खारेज गरिसकेकाले घण्टी चिन्हमा खसेको मत स्वतः बदर हुने र त्यसअनुसार नेकपाको चुनाव चिन्ह तारा छापमा अग्रस्थानमा भएकाले नेकपाका उम्मेदवार यादव विजयी भएको दाबी गर्नुभयो।

धनुषा १ निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको मतपरिणाम अनुसार नेकपाको १० हजार ४३०, नेपाली कांग्रेसको नौ हजार ५०२ र नेकपा एमालेको नौ हजार ३१५ मत रहेको छ भने रास्वपाको मत संख्या सार्वजनिक गरेको छैन।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# सर्लाहीमा पुराना पराजित, नयाँ अनुहारको उदय

**जनार्जन खत्री**

सर्लाही, २५ फाल्गुन। फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट सर्लाहीमा नयाँ अनुहारहरूको उदय भएको छ। चार निर्वाचन क्षेत्र रहेको सर्लाहीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'क्लिन स्विप' गरेको छ। चारमध्ये तीन क्षेत्रमा नयाँ अनुहार सांसद बनेका छन् भने डा. अमरेशकुमार सिंह मात्र दोहोरिएर निर्वाचित हुनुभएको छ।

रोचक पक्ष के छ भने सर्लाहीबाट चुनाव जितेर संसद् पुग्ने लक्ष्य राखेका मुलुकका शीर्ष नेताहरूले यसपटक पराजय बेहोर्नुपरेको छ। यसअघि पनि सर्लाहीबाट नेकपा एमालेका तत्कालीन अध्यक्ष झलनाथ खनाल, पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा तथा महन्थ ठाकुरजस्ता नेता पराजित भएको इतिहास छ।

**उम्मेदवारी दर्तापछि चर्चित**

सर्लाही क्षेत्र नम्बर १ मा एक जना संविधानसभा सदस्य र दुई जना प्रतिनिधिसभा सदस्यलाई पराजित गर्दै रास्वपाकी नीतिमा भण्डारी कार्की निर्वाचित हुनुभएको छ। उम्मेदवारी दर्ताकै दिन एकाएक चर्चामा आउनुभएकी कार्कीले दुई दशकदेखि राजनीतिमा सक्रिय नेताहरूलाई फराकिलो मतान्तरले पराजित गर्नुभएको हो। लालबन्दी नगरपालिका–१ नवलपुरमा हुर्किएर विवाहपछि काठमाडौं महानगरपालिका–९ सिनामंगलमा बस्दै आउनुभएकी कार्कीले सर्लाही–१ बाट अहिलेसम्मकै सर्वाधिक ४४ हजार १८१ मत प्राप्त गर्दै संसदीय यात्रा तय गर्नुभएको छ।

स्नातक तहसम्म अध्ययन गर्नुभएकी ४३ वर्षीया कार्की श्रीमान् चेतन भण्डारीसँग होटल व्यवसायमा आबद्ध हुनुहुन्छ। भण्डारी दम्पतीले लामो समयदेखि काठमाडौं उपत्यकासहित देशका विभिन्न ठाउँ तथा विदेशमा 'बाजेको सेकुवा' नामक फ्रेन्चाइज रेस्टुरेन्ट सञ्चालन गर्दै आएका छन्। प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि कार्कीले सर्लाही–१ मा शिक्षा, स्वास्थ्य, सिँचाइ र रोजगारीलाई प्राथमिकता दिएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

**'मधेशको मसिहा' पराजित**

सर्लाही क्षेत्र नम्बर २ मा आफूलाई 'मधेशको मसिहा' भन्ने राजेन्द्र महतो र महेन्द्र राय यादवजस्ता पुराना नेताहरूलाई पराजित गर्दै ३८ वर्षीय रबीन महतो निर्वाचित हुनुभएको छ। रास्वपाबाट उम्मेदवारी दिएपछि चर्चामा आउनुभएका कविलासी



नगरपालिका–१० सलेमपुर निवासी महतोले कक्षा १२ सम्म अध्ययन गर्नुभएको छ। उहाँ चुनावअघि सामान्य पृष्ठभूमिका युवा हुनुहुन्थ्यो। ४२ हजार ५१२ मतसहित निर्वाचित महतोले सुशासन कायम गर्दै कृषि, स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिएर काम गर्ने बताउनुभएको छ।

२०७० सालदेखि सर्लाही–२ मा लगातार चुनाव जित्दै पटक–पटक मन्त्री बन्नुभएका महेन्द्र राय यादव यसपटक भने रबीन महतोसँग ३३ हजार ९८९ मतान्तरले पराजित हुनुभयो। राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो भने पाँच हजार ९९२ मत प्राप्त गर्दै चौथो स्थानमा सीमित हुनुभयो र जमानतसमेत जोगाउन सक्नुभएन।

**तेस्रो प्रयासमा सांसद**

सर्लाही क्षेत्र नम्बर ३ मा तेस्रो प्रयासमा रास्वपाका नरेन्द्र साह कलवार सांसद बन्न सफल हुनुभएको छ। २०७९ को निर्वाचनमा तत्कालीन माओवादी केन्द्रबाट उम्मेदवार हुँदा नेकपा एमालेका हरिप्रसाद उप्रेतीसँग ७७० मतले पराजित हुनुभएका साहले यसपटक भने उप्रेतीलाई चौथो स्थानमा पुऱ्याउँदै भारी मतान्तरले विजय हासिल गर्नुभएको छ। साहले गोरखा छाडेर सर्लाही–३ मा चुनाव लड्न आउनुभएका नेकपाका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई पनि फराकिलो मतान्तरले पराजित गर्नुभएको छ। साहले ४६ हजार ८९० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी श्रेष्ठले १३ हजार ३३८ मत प्राप्त गर्नुभयो।

व्यापार–व्यवसायमा आबद्ध साह २०७४ मा स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लड्दा पनि १२ हजार मत ल्याउन सफल हुनुभएको थियो। बरहथवा नगरपालिका–११ हीरापुर निवासी साह लामो समयदेखि सामाजिक तथा आर्थिक सहयोगका कार्यमा सक्रिय रहँदै आउनुभएको छ।

**अमरेशसँग गगनको पराजय**

यस निर्वाचनमा सर्वाधिक चासो रहेको सर्लाही क्षेत्र नम्बर ४ मा रास्वपाका डा. अमरेशकुमार सिंह चौथो पटक निर्वाचित हुनुभएको छ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा प्रतिस्पर्धामा आएपछि सिंह कमजोर हुने आँकलन गरिएको थियो। तर उहाँले अघिल्ला निर्वाचनभन्दा अझ बढी मत प्राप्त गर्दै विजय हासिल गर्नुभयो। सिंहले ३५ हजार ६८८ मत ल्याउँदा थापाले २२ हजार ८३१ मत प्राप्त गर्नुभयो।

विश्लेषकहरूका अनुसार मधेशमा रास्वपाको प्रभाव बढ्दै गएको अवस्थामा सिंहले 'हेभीवेट' नेता मानिएका थापालाई पराजित गर्दै आफ्नो प्रभाव थप बलियो बनाएको प्रमाणित भएको छ। सिंह २०७० र २०७४ मा नेपाली कांग्रेसबाट तथा २०७९ मा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित हुनुभएको थियो।

**हारपछि बधाई**

सर्लाही–४ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा. अमरेशकुमार सिंहलाई प्रतिस्पर्धी तथा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बधाई दिनुभएको छ। थापाले आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत सिंहलाई बधाई तथा शुभकामना व्यक्त गर्दै आफूलाई मत दिने मतदाताप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। साथै, यस क्षेत्रका समस्याको समाधानका लागि आफ्नो पहल निरन्तर रहने प्रतिबद्धता पनि जनाउनुभएको छ।

**अमरेशद्वारा धन्यवाद**

नवनिर्वाचित सांसद सिंहले पनि आइतबार साँझ सामाजिक सञ्जालमार्फत खुला पत्र लेख्दै गगनकुमार थापालाई सर्लाही आएर चुनाव लडेकोमा धन्यवाद व्यक्त गर्नुभएको छ। उहाँले भ्रष्टाचारमुक्त देश निर्माणका लागि सहकार्य गर्न नेपाली कांग्रेसलाई आह्वान गर्नुभएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)